# सयपत्री हाइड्रोपावर लिमिटेडको

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौ

९ औं वार्षिक साधारण सभाको

**काम कारवाहीको विवरण (निर्णय माइन्यूट)**

**<u>मिति २०८२/०९/२५</u>**

१. **वैधानिक सभाः**

सयपत्री हाइड्रोपावर लिमिटेडको मिति २०८२ साल पौष महिना २ गते तदनुसार सन् २०२५ डिसेम्बर १७ मंगलवार बसेको सञ्चालक समितिको ८७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम यस कम्पनीको ९ औं बार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. एक नारायण चापागाईज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निर्धारित विषयमा छलफल तथा निर्णय देहाय बमोजिम काम कारवाई सुसम्पन्न भयो ।

२. **सभा बसेको मिति, समय र स्थानः**

**मितिः** २०८२ साल पौष महिना २५ गते (तदनुसार सन् २०२६ जनवरी ९) शुक्रवार ।

**समयः** बिहान ८:०० बजे ।

**स्थानः** ज्योति बैंक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबाल, कुमारीगाल, काठमाण्डौ ।

३. **सभाको सूचनाः**

यस कम्पनीको मिति २०८२ साल पौष महिना २ गते तदनुसार सन् २०२५ डिसेम्बर १७ मंगलवार बसेको सञ्चालक समितिको ८७ औं बैठकको निर्णयानुसार कम्पनीको ९ औं बार्षिक साधारण सभाको सूचना (स्थान, मिति, समय र छलफल हुने विषय समेत) कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार मिति २०८२/०९/०३ र मिति २०८२/०९/०४ गते सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथ कम्पनीको वेभसाईटमा राखी शेयरधनी महानुभावहरुमा सार्वजनिक रुपमा सूचित गरिएको थियो ।

४. **छलफल तथा निर्णयका लागि निर्धारित विषयसुचीः**

(क) **<u>सामान्य प्रस्तावः</u>**

(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) १ (एक) जना स्वतन्त्र सञ्चालकको नियुक्ति बारे ।

(५) ४ (चार) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) पदमा निर्वाचन गर्ने बारे ।

(६) मिति २०८२/०८/०१ को सञ्चालक समितिको ८५ औं बैठकबाट हेरफेर भएको पूँजीको अनुमोदन गर्ने बारे ।

(७) सञ्चालकहरुको बैठक भत्तामा बृद्धि गर्ने बारे ।

(ख) <u>विशेष प्रस्तावः</u>

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने बारे ।

(२) कम्पनीको चुक्ता पूँजीको १:०.७४ अनुपात हुने आउँने रु. २२,२५,५९,०००/- *(विद्युत नियमन आयोगबाट रु. २२,२५,५८,९८९.१३/- रकम बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृत दिए पनि दशमलवमा शेयर सख्या आउने हुँदा नजिकको अङ्कमा परिवर्तन गरि हुने रकम)* रकम बराबरको हकप्रद शेयर निष्काशन गर्ने बारे ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग बारे ।

(४) हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउँनका लागि सञ्चालक समितिलाई सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) <u>विविध</u> ।

५. सभामा उपस्थितिः

(क) सञ्चालकको उपस्थितिः

| | | |
|---|---|---|
| (१) | डा. एक नारायण चापागाई | अध्यक्ष |
| (२) | गोपाल प्रसाद निउरे | सञ्चालक |
| (३) | विराज गौतम | स्वतन्त्र सञ्चालक |
| (४) | दिल बहादुर थापा | सञ्चालक |

(ख) पदाधिकारीको उपस्थितिः

| | | |
|---|---|---|
| (१) | कृष्ण चालिसे | लेखा अधिकृत |
| (२) | बलराम थारु | लेखापरीक्षण समितिका सदस्य सचिव |

(ग) शेयरधनी उपस्थितः

(१) स्वयं उपस्थित हुने शेयरधनीको संख्या (व्यक्ती शेयरधनी): ३२ जना ।

(२) प्रोक्सी मार्फत उपस्थित शेयरधनीः १५ जना ।

(३) अख्तियारनामा मार्फत उपस्थित शेयरधनी (कम्पनी शेयरधनी): ३ जना ।

(४) जम्मा उपस्थित शेयरधनी संख्याः ५० जना ।

(५) जम्मा शेयरधनीः ३७,१९५ जना ।

(घ) गणपूरक संख्याः

(१) कूल शेयर संख्यामाः ३०,००,००० थान ।

(२) जम्मा शेयरधनीः ३७,१९५ जना ।

(३) सभा सञ्चालन गर्न आवश्यक न्यूनतम गणपूरक संख्या (शेयरमा): १५,००,००१ थान ।

(४) कूल शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ५५.९५ प्रतिशत ।

(५) कूल शेयरको प्रतिनिधित्व (संख्यामा): १६,७८,३८७ थान ।

(६) सभामा उपस्थित शेयरधनीको संख्याः ५० जना ।

(ङ) यस सभामा सहभागी हुन पाउने शेयरधनीको कूल सख्या मध्ये उपस्थित शेयरधनीहरु सबैजना कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा सहभागी हुन योग्य थिए ।

६. सभाको वैधानिकता र सभा सञ्चालनः

कम्पनीको ९ औं बार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बोलाइएको र सभाको गणपूरक संख्याको हकमा कम्पनी ऐन, २०६३ को दफा ७३(२) को प्रावधान अनुसार साधारण सभाको गणपरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको ९ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३ (तीन) जना भन्दा बढी रहेको र शेयर संख्या बाँडफाँड भएको शेयरको ५० (पचास) प्रतिशत भन्दा बढी भएको हुँदा सञ्चालक समितिका अध्यक्षले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो । तद् पश्चात् कम्पनीको नियमावलीको व्यवस्था अनुसार सञ्चालक समितिको अध्यक्षले सभाको अध्यक्ष ग्रहण गरी कानूनतः आवश्यक प्रक्रिया पूरा भएकोले निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो । सञ्चालक समितिका सदस्यहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित व्यक्तित्वहरु र उपस्थित सबै शेयरधनीहरुलाई आसन ग्रहण गराई सभा सञ्चालित भएको थियो । सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुको स्वागत सञ्चालक समितिको तर्फबाट सञ्चालक गोपाल प्रसाद निउरेले गर्नु भएको थियो ।

७. **सञ्चालक समितिको प्रतिवेदन र आर्थिक विवरण प्रस्तुतिः**

सञ्चालक समितिका अध्यक्षले कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण समितिका सदस्य सचिव बलराम थारुले कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विवरण सभा समक्ष प्रस्तुत गर्नु भएको थियो ।

८. **छलफलका लागि आवह्वानः**

सभामा छलफलका लागि निर्धारित विषयसूची उपर छलफल गर्नका लागि ईच्छुक शेयरधनीहरुलाई आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै विभिन्न जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियोः

९. **छलफलमा सहभागि हुने भएका शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा र सुझावहरुः**

छलफलमा सहभागि हुने भएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा र सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः

(१) **गोविन्द बहादुर के.सी.** – आगामी साधारण सभा मंसिर महिनामा गर्नु होला । नेपाल धितोपत्र बोर्डले हकप्रद शेयर स्वीकृत गर्न बिलम्ब गरेको छ । यस सम्बन्धमा आवश्यक छलफल गर्नु होला । संस्थागत सुशासनमा ध्यान दिनु होला ।

(२) **इन्द्र प्रसाद लामिछाने** - कम्पनीले लाभांश प्रस्ताव राखेको देख्न पाईएन । कहिले सम्म सुन्न पाईन्छ होला? बैठक भत्ता कति बृद्धि गर्नु लाग्नु भएको स्पष्ट भएन ।

(३) **सुदीप श्रेष्ठ** - विद्युत उत्पादन राम्रो गर्दै जानु होला । भूःक्षय जस्ता वातावरणिय प्रभाव नहुने राम्रो हो । प्रति शेयर आम्दानी बढाउँन ध्यान दिनु होला ।

(४) **ब्रम्हदेव शाक्य** - कम्पनी कानून अनुसार साधारण सभा समयमै गर्नु राम्रो हो । लाभांशको प्रस्ताव सुन्न पाईएन । हकप्रद शेयरको अनुपात घट्नु राम्रो भएन ।

(५) **डम्वर बल्लभ घिमिरे** – कर्मचारीहरु दक्ष हुनु हुन्छ । राम्रो काम गरि रहनु भएको देखे । आयोजनामा विस्तारै सुधार भई रहेको रहेछ । अर्को आयोजना बनाउँन ध्यान दिए राम्रो हुने थियो । लगानीको प्रतिफल सुनिश्चित हुनु पर्‍यो ।

(६) **नीरुपमा गुप्ता** - आयोजनाको श्रव्य दृश्य देखाउँनु भयो राम्रो लाग्यो । विद्युत बिक्री र कम्पनीको नाफा कस्तो हो खुलाई दिनु होला । सामाजिक लगानी प्रणाली अपनाउँनु होला ।

(७) **राम काजी रञ्जितः** आयोजनाको उत्पादन कम्तिमा पनि ९० प्रतिशत पुऱ्याउँनु होला । प्रशासनिक खर्च कम गर्नु होला ।

(८) **प्रकाश घर्तिमगर** - स्थानियवासीहरु समेत संलग्न भएको आयोजना हो । यसबाट स्थानियलाई राम्रो सकारात्मक प्रभाव परेको छ । कम्पनीले ताराखोला गाउँपालिकाको विकासका लागि समेत थप ध्यान दिन आग्रह गर्दछु ।

१०. **सभामा शेयरधनीहरुले पक्रट गर्नु भएको धारणा, जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफः**

सभाका अध्यक्षले शेयरधनीहरुले दिनु भएका अमुल्य तथा गहन सुझावहरुकालागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै सुझावहरु सर्व स्वीकार्य भएको र उक्त सुझावहरुलाई मध्यनजर गर्दै आगामी वर्षमा सोही अनुसार कार्य गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो ।

११. **प्रस्तावहरुको प्रस्तुतिः**

अध्यक्षज्यूको निर्देशन अनुसार सभा सञ्चालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभामा छलफल र निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गत सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१२. **सभाको निर्णयः**

(क) **सामान्य प्रस्ताव र निर्णयः**

(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक समिति र सञ्चालक समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक गर्न र निजको पारिश्रमिक निर्धारण गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा डि.एन. शाह एण्ड एशोसियट्स (D.N. Shah & Associates), चार्टड एकाउन्टेन्ट्सलाई वार्षिक रु. १,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ) (मूल्य अभिवृद्धि कर सहित) दिने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(४) १ (एक) जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्नका लागि निर्णयार्थ साधारण सभामा प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट निम्नानुसार निर्णय भयो ।

(अ) सञ्चालक समितिको सिफारस भएका निम्नानुसारको योग्यता र अनुभव भएका व्यक्तिहरु मध्येबाट १ (एक) जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्नका लागि साधारण सभामा प्रस्तुत हुँदा सञ्चालक समितिबाट सिफारिस भएका ३ (तीन) जना व्यक्तिको व्यक्तिगत विवरणका सम्बन्धमा अध्यक्षबाट साधारण सभाले जानकारी

लिई सञ्चालक समितिबाट सिफारिस भएका ३ (तीन) जना व्यक्तिहरु मध्ये **विराज गौतम**लाई कम्पनी ऐन, २०६३ को दफा ८६(३), दफा ८९(१), दफा ८९(२), दफा ८९(३); कम्पनी निर्देशिका २०७२ को दफा ४९ र दफा ५० अनुसारको कानूनी व्यवस्था तथा कम्पनीको नियमावलीको नियम २७(२) र नियम २९ को अधिनमा रही कम्पनीको १ (एक) जना स्वतन्त्र सञ्चालकमा कम्पनीको १३ औं वार्षिक साधारण सभा नभए सम्मका लागि नियुक्ति गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट भयो ।

| व्यक्तिगत विवरणहरु | योग्यता | अनुभव |
|---|---|---|
| **नामः** विराज गौतम<br>**ठेगानाः** दाङ जिल्ला, घोराही उपमहानगरपालिका वडा नं. १८<br>**बाबुको नामः** देवमणि गौतम<br>**नागरिकताः** नेपाली<br>**नागरिकता प्रमाणपत्र नं./जारी जिल्लाः** २५६१/२२८, जिल्ला प्रशासन कार्यालय, दाङ<br>**ईमेलः** 123birajgautam@gmail.com<br>**फोन नं.** ९८५११७६७६६ | • B.Sc. in Geology, Tribhuvan University<br>• M.Sc. in Engineering Geology, Tribhuvan University | विगत २० वर्ष देखि विभिन्न जलविद्युत आयोजनहरुका लागि परामर्श, डिजाईन, नक्साङ्कन, विस्तुत आयोजनको अध्ययन लगायतका कार्य गर्दै आएको । |
| **नामः** कपिल पुडासैनी<br>**ठेगानाः** भरतपुर, चितवन<br>**नागरिकताः** नेपाली<br>**ईमेलः** makapilpuda@gmail.com<br>**फोन नं.** ९८५११३८३९८ | • B.E., Mechanical Engineering, Institute of Engineering, Pulchowk Campus, Tribhuvan University. | विगत १५ वर्ष देखि विभिन्न जलविद्युत आयोजनहरुका लागि Hydro-mechanical and Electro-mechanical कार्यका लागि डिजाईन र डईन निर्माण लगायत कार्य गर्दै आएको । |
| नामः उपेन्द्र राज कुईकेल<br>**ठेगानाः** काठमाण्डौ जिल्ला, नागर्जुन नगरपालिका वडा नं. १०<br>**बाबुको नामः** अनन्त प्रसाद शर्मा<br>**नागरिकताः** नेपाली<br>**ईमेलः** urkuikel@gmail.com<br>**फोन नं.** ९८५११७२००६ | • M.SC, Environmental Management from School of Environmental Science and Management (SChEMS), Pokhara University, Katmandu, Nepal<br>• B.Sc., Environmental Management from School of Environmental Science and | विगत १८ वर्ष देखि वातावरण र जलविद्युत क्षेत्रमा कार्य गरेको । |

| | | |
|---|---|---|
| | Management, (SChEMS), Pokhara University, Katmandu, Nepal | |

(आ) मिति २०८२/०८/०१ मा सञ्चालक समितिको ८५ बैठकबाट यस कम्पनीको स्वतन्त्र सञ्चालक पदमा विराज गौतमलाई नियुक्त गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । उक्त नियुक्ति अनुसारको पदावधि यस वार्षिक साधारण सभा सम्म रहेको समेत बैठकले जानकारी लियो ।

(इ) यस कम्पनीको स्वतन्त्र सञ्चालक भई विराज सुवेदीले कम्पनीको ८ औं वार्षिक साधारण देखि कम्पनीको ९ औं वार्षिक साधारण सभा सम्म कम्पनीका लागि भएको काम कारवाही र कम्पनीबाट प्राप्त गरेको भत्ता र सुविधा अनुमोदन गर्ने निर्णय गरियो ।

(५) ४ (चार) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) पदमा निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा सभामा छलफल गर्दा यस कम्पनीको मिति २०८२/०९/०२ मा सम्पन्न सञ्चालक समितिको ८७ औं बैठकबाट यस कम्पनीको ४ (चार) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) पदमा निर्वाचन गर्नका लागि निर्वाचन अधिकृतमा हरि शरण कार्कीज्यू नियुक्त गरि निर्वाचन अधिकृत हरि शरण कार्कीज्यूले निर्वाचन कार्यक्रम मिति २०८२/०९/१४ मा प्रकाशन गरि प्रकाशित निर्वाचन कार्यतालिका अनुसार कम्पनीका शेयरधनीहरु डा. महेश पाठक, भुपेश राजभण्डारी, केदार के.सी. र गीता चौधरी (महिला सञ्चालक)ले मात्र सञ्चालक समितिको सदस्य पदका लागि उम्मेदवार प्राप्त भएको हुँदा निर्वाचन अधिकृत हरि शरण कार्कीज्यूले कम्पनीको निम्नानुसारका शेयरधनीहरु ४ (चार) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) पदमा निर्विरोध निर्वचित हुनु भएको घोषणा गर्नु भयो । प्रकाशित निर्वाचन तालिका, निर्वाचन तालिका अनुसार भएका काम कारवाही र सञ्चालक निर्वाचन हुनु भएको घोषणालाई सभामा उपस्थित शेयरधनीहरुबाट स्वीकृत भयो । निर्वाचित सञ्चालकहरुको कार्यकाल कम्पनीको १३ औं वार्षिक साधारण सभा नभए सम्म हुने सम्बन्धमा सभाले जानकारी लियो । कम्पनीमा नवनियुक्त सञ्चलक डा. महेश पाठकज्यू, भुपेश राजभण्डारी ज्यू, केदार के.सी. र गीता चौधरी ज्यूलाई सभा अध्यक्ष डा. एक नारायण चापागाईज्यूले सञ्चालक पदको पद तथा गोपनियताको शपथ सभामा उपस्थित शेयरधनीहरु समक्ष गराउँनु भयो ।

(अ) डा. महेश पाठक ।

(आ) भुपेश राजभण्डारी ।

(इ) केदार के.सी. ।

(ई) गीता चौधरी (महिला सञ्चालक) ।

(६) मिति २०८२/०८/०१ को सञ्चालक समितिको ८५ औं बैठकबाट हेरफेर भएको पूँजीको अनुमोदन गर्ने सम्बन्धित प्रस्ताव उपर सभामा छलफल गर्दा यस कम्पनीको मिति २०८२/०३/२१ मा सम्पन्न ८ औं वार्षिक साधारण सभामा हकप्रद निष्काशन प्रयोजनका लागि प्रबन्धपत्रको दफा (६)(ख) मा साविक जारी पूँजी रु. ३०,००,००,०००/- (अक्षरुपी तीस करोड) लाई संशोधन गरि संशोधित जारी पूँजी रु.

६०,००,००,०००/- (अक्षेरुपी साठी करोड रुपैयाँ) कायम गरिएको सम्बन्धमा सभाले जानकारी लियो । ८ औं वार्षिक साधारण सभाबाट कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशनका लागि निर्णय भई उक्त निर्णय अनुसार विद्युत नियमन आयोग समक्ष हकप्रद शेयर निष्काशन गर्नका लागि पूर्वस्वीकृतिका माग हुँदा विद्युत नियमन आयोगले मिति २०८२/०५/२०, पत्र संख्याः २०८२/०८३, चलानी नं. १८५ को पत्र मार्फत यस कम्पनीलाई चुक्ता पूँजीको १:०.७४ अनुपातले हुने आउने कुल रु. २२,२५,५८,९८९.१३/- रकम बराबरको हकप्रद शेयर निष्काशनका लागि पूर्वस्वीकृति प्राप्त भएको एवं धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १३(१)(घ) मा "जारी पूँजी शत प्रतिशत चुक्ता भएको" अवस्था हकप्रद शेयर निष्काशनलाई हुनु पर्ने कानूनी व्यवस्था रहेको कारण यस कम्पनीको मिति २०८२/०८/०१ को सञ्चालक समितिको ८५ औं बैठकबाट विद्युत नियमन आयोगबाट चुक्ता पूँजीको १:०.७४ अनुपातमा हकप्रद शेयर निष्काशनका दिएको अनुमति अनुसार हुने गरि यस कम्पनी जारी पूँजी रु. ६०,००,००,०००/- (अक्षेरुपी साठी करोड रुपैयाँ) बाट संशोधन गरि रु. ५२,२५,५९,०००/- रु. ५२,२५,५९,०००/- (अक्षेरुपी बाउन्न करोड पच्चीस लाख उनन्साठी हजार) (नोटः *विद्युत नियमन आयोगबाट दिएको अनुमति रु. २२,२५,५८,९८९.१३/- अनुसार कम्पनीको जारी पूँजी रु. ५२,२५,५८,९८९.१३/- हुने भएता पनि दशमलवमा शेयर सख्या आउने हुँदा नजिकको अङ्कमा परिवर्तन गर्नु पर्ने भएको हुँदा*) कायम गर्ने निर्णय गरेको सम्बन्धमा बैठकले जानकारी लियो र उक्त निर्णयको अनुमोदन सभामा उपस्थित शेयरधनीहरुबाट भयो ।

(७) सञ्चालकको बैठक भत्तामा बृद्धि गर्ने गर्ने विषय उपर सभामा छलफल गर्दा सञ्चालकहरु बैठक भत्ता र सुविधा लगायतका सम्बन्धमा निम्नानुसार गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट भयो ।

(अ) सञ्चालक समितिका अध्यक्षलाई प्राप्त गरि आएको प्रति बैठक भत्ता रु. ५,०००/- (कर सहित) बृद्धि गरी प्रति बैठक भत्ता रु. ७,०००/- (कर सहित) कायम गर्ने ।

(आ) सञ्चालक समितिका सदस्य र सञ्चालक समितिका गठन हुने कुनै पनि समिति/उपसमिति/कार्यदलका संयोजक वा सदस्यहरु प्राप्त गरि आएको प्रति बैठक भत्ता रु. ३,०००/- (कर सहित) बृद्धि गरी प्रति बैठक भत्ता रु. ५,०००/- (कर सहित) कायम गर्ने ।

(इ) सञ्चालक समिति वा सञ्चालक समितिका गठन हुने कुनै पनि समिति/उपसमिति/कार्यदलमा उपस्थति हुने आमन्त्रित व्यक्तिको प्रति बैठक भत्ता प्रति बैठक भत्ता रु. ५,०००/- (कर सहित) कायम गर्ने ।

(ई) कम्पनीको सञ्चालक समितिको सदस्यबाट कम्पनीको दैनिक कार्य हेर्ने गरि कम्पनीको कुनै पनि पदमा नियुक्त गरिएमा निजको पारिश्रमिक रु. ५०,०००/- (अक्षेरेपी पचाँस हजार रुपैयाँ) हुने निर्णय गरियो ।

(ख) <u>विशेष प्रस्ताव र निर्णय:</u>

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने विषय उपर सभामा छलफल हुँदा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा देहाय बमोजिम रहने गरी संशोधन गर्ने निर्णय सभामा उपस्थित शेयरधनीबाट सर्वसम्मतबाट पारित भयो । कम्पनीको प्रबन्धपत्रको संसोधन उपर कुनै पनि नियमनकारी निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कुनै पनि निर्देशन प्राप्त भएमा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संसोधन, परिवर्तन, थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट भयो ।

| प्रबन्धपत्रमा संशोधन | |
|---|---|
| साविक व्यवस्था | संशोधन भए पश्चात् हुने व्यवस्था |
| **दफा (६)(घ)** - कम्पनीले जारी पूँजीको ३० (तीस) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ । | **दफा (६)(घ)** - *खारेज गरिएको ।* |
| **दफा (६)(ङ)** - कम्पनीको जारी पूँजीको समुहगत शेयर स्वामित्वको अनुपात निम्नानुसार हुनेछः<br>(१) संस्थापक समुहका शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७० (सत्तरी) प्रतिशत हुनेछ ।<br>(२) सर्वसाधारणमा सार्वजनिक रुपमा बिक्री गरिने शेयरका शेयरधनीहरुलाई समुह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० (तीस) प्रतिशत हुनेछ । यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट १० (दश) प्रतिशत शेयर कम्पनीले संचालन गर्ने आयोजनाबाट प्रभावित क्षेत्रको बासिन्दा तथा २० (बीस) प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । सर्वसाधारणलाई छुट्याईको शेयर मध्येबाट प्रचलित धितोपत्र सम्वन्धी ऐन, नियमावली, विनियमावली वा निर्देशिकाले तोकेको प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारी कामदारलाई वितरण गर्न सकिनेछ । तर आयोजना प्रभावित क्षेत्र तथा कम्पनीका कर्मचारी कामदारलाई छुट्याइएको सम्पूर्ण शेयर बिक्री नभई बाँकी हुन आएमा बाँकी हुन आएको शेयर सर्वसाधारणलाई बिक्री गरिनेछ । | **दफा (६)(ङ)** - *खारेज गरिएको ।* |
| **दफा (६)(च)** - जुन समूहबाट शेयर नामसारी वा खरीद गरेको हो, सो खरीद वा नामसारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था पनि सोही समूहमा समावेश हुनेछ । | **दफा (६)(च)** - *खारेज गरिएको ।* |
| **दफा (६)(छ)** - खण्ड (ङ) बमोजिमको शेयरको स्वामित्वको अनुपातमा वा शेयर पूँजीमा थपघट गर्नु परेमा प्रचलित | **दफा (६)(छ)** - शेयर पूँजीमा थपघट गर्नु परेमा प्रचलित कम्पनी ऐन तथा |

| | |
|---|---|
| कम्पनी ऐन तथा प्रचलित अन्य कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | प्रचलित अन्य कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । |
| **दफा (८)(ख)** - सम्वन्धित निकायबाट पूर्व स्वीकृति लिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिनेछ । | **दफा (८)(ख)** - *खारेज गरिएको ।* |
| **दफा (८)(घ)** - कम्पनीले माग गरे बमोजिम शेयरको रकम भुक्तानी पश्चात शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा सम्वन्धित निकायको पूर्व स्वीकृति लिई शेयर खरिद बिक्री वा हस्तान्तरण गर्न सकिनेछ । तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ । | **दफा (८)(घ)** - कम्पनीका शेयरधनीहरुले प्रचलित कानून बमोजम शेयर खरिद बिक्री वा हस्तान्तरण गर्न सक्नेछन् । |
| **नियमावलीमा संशोधन** | |
| **साविक व्यवस्था** | **संशोधन भए पश्चात् हुने व्यवस्था** |
| **नियम (२) (त)** - "क" समुहका शेयरधनी भन्नाले संस्थापक शेयरधनी सम्झनु पर्छ । | **नियम (२) (त)** - *खारेज गरिएको ।* |
| **नियम (२)(थ)** - "ख" समुहका शेयरधनी" भन्नाले सार्वजनिक रुपमा विक्री भएको शेयर खरीद गर्ने सर्वसाधारण शेयरधनी सम्झनु पर्छ । | **नियम (२)(थ)** - *खारेज गरिएको ।* |
| **नियम (२७)(२)** - यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा संस्थापक समूहबाट मनोनित-निर्वाचित ४ (चार) जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ (दूई) जना र १ (एक) जना स्वतन्त्र व्यवसायिक बिशेषज्ञ सञ्चालक हुनेछ । | **नियम (२७)(२)** - यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा शेयरधनीहरुबाट निर्वाचित ६ (छ) जना र १ (एक) जना स्वतन्त्र सञ्चालक हुनेछ । |
| **नियम (२७)(१०)** - (उपनियम २७(९) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रथम वार्षिक साधारण सभा नभएसम्म वा सर्वसाधारणलाई शेयर जारी हुनुभन्दा अगाडी वा पछाडी सर्वसाधारण शेयरधनीबाट सञ्चालक समितिमा प्रतिनिधित्व नभएसम्मको अवधिको लागि सर्वसाधारण शेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा हुने प्रतिनिधित्व सञ्चालक समितिले संस्थापक समूहबाट प्राप्त सक्नेछ । | **नियम (२७)(१०)** - *खारेज गरिएको ।* |

| | |
|---|---|
| **नियम (३१) - सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउनेः** सञ्चालक समितिमा सञ्चालकहरुको नियुक्ती गर्दा समुहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ ।<br>(क) संस्थापक समूह "क" का सञ्चालकहरुको आपसी समझदारीबाट मनोनित वा निर्वाचित ४ (चार) जना हुनेछन् ।<br>(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित २ (दूई) जना । | **नियम (३१) - सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउनेः** नभएको । |

(२) कम्पनीको चुक्ता पूँजीको १:०.७४ अनुपात हुने आउँने रु. २२,२५,५९,०००/- *(विद्युत नियमन आयोगबाट रु. २२,२५,५८,९८९.१३/- रकम बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृत दिए पनि दशमलवमा शेयर सख्या आउने हुँदा नजिकको अङ्कमा परिवर्तन गरि हुने रकम)* रकम बराबरको हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव उपर बैठकमा छलफल गर्दा सभामा उपस्थित शेयरधनीहरुबाट निम्नानुसारको निर्णय भयो:

(क) कम्पनीको चुक्ता पूँजीको १:०.७४ अनुपात हुने आउँने रु. २२,२५,५९,०००/- *(विद्युत नियमन आयोगबाट रु. २२,२५,५८,९८९.१३/- रकम बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृत दिए पनि दशमलवमा शेयर सख्या आउने हुँदा नजिकको अङ्कमा परिवर्तन गरि हुने रकम)* रकम बराबरको हकप्रद शेयर निष्काशन गर्ने ।

(ख) निष्काशित सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा उपयुक्त माध्यम तय गरि बिक्री गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) हकप्रद शेयर निष्काशन देखि हकप्रद शेयर सूचिकरण लगायत सम्पूर्ण कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(घ) हकप्रद शेयर निष्काशन गर्दा कुनै पनि समस्या देखिएमा वा कुनै पनि विषयको सम्बोधन गर्नु पर्नेमा त्यस्तो सम्पूर्ण कार्यहरु गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(ङ) हकप्रद शेयर निष्काशन गर्दा कुनै पनि समस्या देखिएमा वा कुनै पनि विषयको सम्बोधन गर्नु पर्नेमा त्यस्तो सम्पूर्ण कार्यहरु गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(च) हकप्रद शेयर निष्काशन गर्ने कार्यका लागि गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धित प्रस्ताव उपर सभामा छलफल गर्दा हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने शेयर रकम कम्पनीमा कायम सम्पूर्ण ऋण र दायित्व भुक्तानी गर्न उपयोग गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट भयो । कुनै नियमनकारी निकायबाट अन्य कुनै निर्देशन वा अनुरोध

भएमा सोही अनुसार गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट भयो ।

(४) हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउँनका लागि सञ्चालक समितिलाई सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर सभामा छलफल गर्दा हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउँनका लागि सञ्चालक समितिलाई सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सभामा उपस्थित शेयरधनीहरुबाट भयो ।

(ग) **विविधः** विविध अन्तर्गत छलफलको अन्य कुनै विषयमा नभएकोले यस सम्वन्धित कुनै छलफल तथा निर्णय भएन ।

१३. **काम कारवाहीको विवरण (निर्णय माइन्यूट)को प्रमाणिकरणः** कम्पनी ऐन, २०६३ को दफा ७५(१) तथा कम्पनीको नियमावली २६(१) को व्यवस्था अनुसार सभाको अध्यक्ष र कम्पनी सचिवले साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने व्यवस्था बमोजिम कम्पनीको ९ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (निर्णय माइन्यूट) मा सभाका अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा अध्यक्ष वा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१४. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सदस्य महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा ९ औं बार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनीका कर्मठ कर्मचारीहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

**प्रमाणित गर्नेः**

| | |
|---|---|
| ........................................... | ..................................... |
| **रमेश प्रशाद भण्डारी** | **डा. एक नारायण चापागाई** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

मिति २०८२/०९/२५